# उद्योगहरुमा वातावरण प्रविधि सम्बन्धी अनुगमन प्रतिवेदन



**अनुगमन अवधिः** मिति २०७४/०५/२३ देखि २०७४/०५/२९

**अनुगमन गरिएको ठेगानाः** ईलाम जिल्ला


**प्रतिवेदन कर्ताः** **पेश गरिएको निकायः**

मे.ई. श्री शंकर सिंह धामी प्रविधि महाशाखा, उद्योग मन्त्रालय

सिंहदरबार, काठमाडौं


**मितिः** २०७४/०६/०६

**ईलाम जिल्लामा रहेका उद्योगहरु (चिया उद्योग) मा वातावरण प्रविधि सम्बन्धि अनुगमन प्रतिवेदन**

उद्योग मन्त्रालयको स्वीकृत भ्रमण आदेश नं. १५ मिति २०७४/०५/२१ बमोजिम मिति २०७४/०५/२३ देखि २०७४/०५/२९ सम्म ईलाम जिल्लामा रहेका चिया उद्योगहरुमा वातावरण प्रविधि सम्बन्धि निरीक्षण तथा अनुगमन र इलाम नगरपालिका उद्योग विकास शाखामा समेत अनुगमन गरियो । यस प्रतिवेदनमा उल्लेख भएका कुराहरु निरीक्षणको समयमा निरीक्षण गरी र सम्बन्धित कर्मचारीलाई सोधेर टिपोट गरेर तथा सम्बन्धित व्यवसायीहरुले भनेका कुराहरुलाई समावेश गरी तयार गरिएको हो ।

**निरीक्षण गरिएका उद्योगहरुको विवरण**

| क्र.सं. | उद्योगको नाम | ठेगाना | निरीक्षण गरिएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | Mist Valley Tea Industries Pvt. Ltd., | जितपुर-४, ईलाम | २०७४/०५/२३ | १०० मे.ट. प्रति बर्ष (Organic Orthodox Tea) |
| २ | Ilam Tea Producers Pvt. Ltd., | बरबोटे, इलाम | २०७४/०५/२४ | ५ टन प्रति दिन (Black and Green Tea) |
| ३ | Green Hill Tea Producers Cooperatives Limited, (Light Hill Orthodox Tea Industry) | इलाम-०१, सांखेजुङ, | २०७४/०५/२६ | निरीक्षण पुस्तिकाको छाँयाप्रति संलग्न राखेको छुँ । (सहकारी मार्फत संचालित) |
| ४ | Himalayan Shangrila Tea Producers Pvt. Ltd. | नेपालटार-०१, इलाम | २०७४/०५/२५ | ३ टन प्रति दिन (Green Tea), Organic |
| ५ | Gorkha Tea State Pvt. Ltd. | सुन्दरपानी, सुर्योदय न.पा. | २०७४/०५/२८ | १५० टन (Black and Green Tea), Organic |
| ६ | Nepal Small Tea Producers Ltd. | फिकल, इलाम | २०७४/०५/२७ | १० टन प्रति दिन (Black Tea) |
| ७ | Nepal Organic Tea Industry Pvt. Ltd. | सानिमाई, इलाम | २०७४/०५/२८ | |

माथिका चिया उद्योगमा निरिक्षणको क्रममा देखिएका बुंदाहरु निम्नानुसार छन ।

१. अधिकांश चिया उद्योगहरुले प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धि जानकारी थाहा नभएको ।
२. प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्ने उद्योगहरुले समेत सो नगरी संचालनमा रहेको पाईयो ।
३. Himalayan Shangrila Tea Producers Pvt. Ltd. ले Food Safety Management System (FSMS) NS-EN ISO २२०००:२००५ बाट certified रहेको पाइयो ।

४. कुनै पनि उद्योगहरुले Energy Management System ( EnMS) ISO ५०००१:२०११, Environmental Management System ( EMS) ISO १४००१:२०१५ बाट certified भएको पाईएन ।
५. सहकारीबाट संचालित उद्योगहरु घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा दर्ता नभईकन संचालनमा रहेको पाइयो । जसको कारणले गर्दा सो उद्योगहरुको अनुगमन तथा निरीक्षण गर्न गार्हो भएको र उद्योगहरुको प्लान्ट Layout राम्ररी व्यवस्थित नभएको । चिम्नीको उचाई एकदमै थोरै रहेको, अग्नि निवारक यन्त्रहरू नराखेको, ईन्धनको लागि चाहिने दाउरा तथा कोईला खुला ठाउँमा राखेको । इलाम जिल्लामा सहकारी मार्फत धेरै चिया उद्योगहरु संचालनमा रहेको र थप उद्योगहरु समेत खुल्ने क्रममा रहेको देखिन्छ । यस्ता उध्योगहुमा सरकारी सहयोग/अनुदान समेत लिएको (उन्नति आयोजना मार्फत मसिनरी तथा अन्य) पाइयो ।
६. साना क्षमताका सहकारी मार्फत चिया उद्योगहरु विभिन्न ठाउँमा संचालन हुनु र खेति गर्ने किसानहरुको साझेदारीमा चिया उद्योग संचालन गर्नु राम्रो भए पनि यस्ता उद्योगहरुबाट उत्पादन हुने चियाको गुणस्तर कायम गर्न चुनौती हुने, बजारमा पहुँच पाउँन कठिन हुने, लामो समय सम्म राम्रो नाफामा संचालन हुन गार्हो छ भने त्यस्तै किसानहरु मार्फत अन्य उद्योगहरुमा जाने चियाको पात रोकिने हुँदा अन्य ठुला उद्योगहरु पूर्ण क्षमतामा संचालन हुन् नसक्ने र अन्त्यमा कच्चा पदार्थको अभाव हुने देखिन्छ ।
७. चियाको बगान नथपिएको एवं संचालनमा रहेका उद्योगहरु समेत पूर्ण क्षमतामा संचालन नभएको अवस्थामा यस्ता साना साना एकै प्रकृतिका उद्योगहरुमा अनुदान दिन हुने वा नहुने सो समेत प्रस्ट हुनु पर्ने देखिन्छ ।
८. इलाम जिल्लामा उत्पादन हुने चियाको मुख्य बजार भारतमा रहेको र केहि उद्योगहरुले आफ्नै ब्रान्डमा आफ्नै पहलमा तेस्रो मुलुकमा समेत निर्यात गरेको देखिन्छ । नेपालबाट

भारतमा निर्यात भएको चिया त्याँहाका स्थानीय चिया उद्योगहरुबाट उत्पादन हुने चियामा मिसाउने र भारतबाट उनीहरुको ब्रान्डमा तेस्रो देश निर्यात हुने हुँदा नेपाली उत्पादकहरुले आफ्नो ब्रान्डविना बेचिरहेको र मूल्य समेत कम पाएको देखिन्छ । निर्यात गर्दा प्रसाशनिक झन्झट रहेको समेत कुरा व्यक्त भएको । (Anti Dumping Duty को कुरा उठाउने)

९. चिया व्यवसायीहरुले नेपाल सरकारबाट चियाको बजारीकरण तथा अन्य सहयोग कम पाएको गुनासो व्यक्त गर्नु भयो ।

१०. चियामा काम गर्ने कामदारहरुको एकदमै अभाव रहेको, चियाको बगानमा चियाका पातहरु टिप्न समेत कामदारको अभाव हुँदा लामो समय पछी मात्र टिप्न सकिएको, चिया बारीमा गोडमेल नभएको, भारतीय उद्योगीहरुले चिया उद्योग भाडामा लिएको भन्ने कुरा चिया व्यवसायीहरुले राखेको ।

११. चिया उद्योगहरुले चिया प्रशोधनको लागि ईन्धनको रुपमा अधिकतम दाउराको प्रयोग गरेको हुँदा वनजंगलको विनास तथा दिगो रुपमा प्रयोग गर्न समस्या देखिन्छ । Organic चिया उत्पादनको लागि कोईला प्रयोग गर्दा Antracite चियामा मिसिने हुँदा त्यस्तो चिया उपभोक्ताहरुले नलिने अवस्था रहेको छ । दाउराबाट चिया उत्पादन गर्न दिगो नहुने हुँदा वैकल्पिक उर्जाको प्रयोग गर्नु पर्ने आवश्यकता टड्कारो देखिन्छ । केहि चिया उद्योगीहरुले समेत बैकल्पिक उर्जाको प्रयोग गर्न इच्छुक रहेको पाइयो । चिया उद्योगहरुमा दाउराको विकल्पको रुपमा कुन ईन्धन कसरि प्रयोग गर्न सकिन्छ सो सम्बन्धमा अध्ययन भई सोहि अनुसार प्रयोग गर्न मन्त्रालयले पहल गर्नु पर्ने व्यवसायीहरुको भनाई पाइयो ।

१२. दिन प्रतिदिन Organic चियाको माग बढिरहेको र सो का लागि जनचेतना कार्यक्रम ल्याउनु पर्ने, प्रांगारिक मलको उत्पादन तथा व्यवस्था गर्न किसान तथा उद्योगीहरुलाई कठिनाई भएको । प्रांगारिक मलको उत्पादन गर्ने उद्योगहरुको संचालन भएमा सजिलो हुने ।

१३. सहकारीबाट संचालनमा रहेका उद्योगहरुलाई समेत उद्योग विकास शाखा मार्फत दर्ता गर्न व्यवस्था हुनुपर्ने देखिन्छ ।

१४. बाणिज्य मन्त्रालयबाट निर्यात गर्दा Exim Code लागु गरेको हुँदा सहकारी मार्फत संचालनमा रहेका उद्योगहरुले निकासी गर्न नसक्ने भएकोले अनिवार्य उद्योग दर्ता हुनुपर्ने अवस्था हाल रहेको छ ।

१५. चिया उद्योगहरुबाट उत्पादन हुने चियाको निर्यातको लागि सहजीकरण तथा बजारीकरणको लागि नेपाल सरकारबाट थप पहल हुनुपर्ने भनाई चिया उद्योगीहरुले राखेको ।

१६. चिया उद्योगहरुमा EnMS, EMS तथा CP Training सम्बन्धि कार्यक्रम गर्न उपयुक्त हुने देखिन्छ ।

**उद्योग विकास शाखा, इलाम नगर कार्यपालिका**


मिति २०७४/०५/२६ गतेका दिन इलाम नगरपालिकाको इलाम बजारमा अवस्थित इलाम नगर कार्यपालिकाको उद्योग विकास शाखामा निरीक्षण गरिएको थियो । शाखा प्रमुख श्री नविन कुमार पौडेल विदामा रहनु भएको हुँदा शाखाका कर्मचारीहरु ना.सु. श्री खड्क बस्नेत र लेखापाल श्री नारायण खत्रीसंग शाखाको कार्य, प्रगती, समस्या तथा चुनौती बारेमा छलफल गरियो । निरीक्षण तथा छलफलबाट प्राप्त बुंदाहरु निम्नानुसार छन ।

१. शाखाको आफनै पक्कि भवन बन्ने क्रममा अन्तिम चरणमा रहेको पाईयो ।
२. स्वीकृत १० जनाको दरबन्दीमा ७ जनाको मात्र पदपूर्ति रहेको सो कर्मचारीहरुबाट जिल्लाभरिका सबै स्थानीय निकायमा उद्योग सम्बन्धि सेवा पुर्याउन नसकिने ।
३. कार्यालयको सवारी साधनमा जम्मा १ वटा मोटरसाइकल मात्र रहेको हुँदा कार्यालयबाट अनुगमन तथा निरीक्षण एवं अन्य कार्यहरु गर्न अफ्ठ्यारो रहेको भन्ने जानकारी भएको ।
४. आ.व.२०७३/०७४ को सबै कार्यक्रमहरुको प्रगति प्लेक्स प्रिन्ट गरी व्यवस्थित तरिकाले राखेको र प्रगति राम्रो रहेको पाईयो ।
५. सहकारीबाट संचालित १ वटा मात्र चिया उद्योगलाई दर्ता गरेको र दर्ता गर्दा सहकारीमा दर्ता नभएको नाम परिवर्तन गरी मात्र दर्ता गरेको पाईयो ।
६. साविकको कार्यालयले जिल्ला भरिमा कार्य क्षेत्र रही कार्य गर्दै आइरहेकोमा हाल आएर इलाम नगर कार्यपालिकाको शाखाको रुपमा मात्र सो कार्यालय रहंदा अन्य क्षेत्रका उद्योग सम्बन्धि कार्य गर्दा कानुनी तथा प्रसाशनिक चुनौती रहेको ।
७. सो शाखाबाट अन्य गाउँपालिका तथा नगरपालिकामा रहेका घरेलु तथा साना उद्योगहरु सम्बन्धि कार्यहरु समेत छुट्टै रजिस्टर राखी गरेको पाईयो ।
८. नया संघिय संरचना अनुसार एउटा स्थानीय निकाय बाहेक अरु स्थानीय निकायहरुमा उद्योग सम्बन्धि कार्यको लागि कर्मचारीहरु नभएको हुँदा सेवा प्रदान गर्न चुनौती रहेको ।
९. प्रारम्भिक वातावरणीय परिक्षण गरी संचालनमा रहेका उद्योगहरुको संख्या एकदमै नगन्य रहेको पाइयो ।
१०. नया संरचना अनुसार प्रत्येक स्थानीय निकायहरुमा उद्योग दर्ता तथा नविकरण एवं उद्योग सम्वन्धि हुने विभिन्न कार्यहरु सम्बन्धमा स्थानीय निकायहरुलाई निर्देशन हुनुपर्ने देखिन्छ ।

निरीक्षण/अनुगमनको क्रममा लिईएका फोटोहरु


१. उद्योग विकास शाखा इलाम न.पा.को भवनको अगाडी र क.प्र.को कोठाबाहिर



२. हिमालयन शांग्रिला चिया उत्पादक प्रा.लि.को उद्योग र उद्योगको Whithering शाखा




३. ग्रिन हिल अर्थोडक्स चिया प्रसोधन उद्योग र कोईला तथा दाउरा





४. गोर्खा टी स्टेट प्रा.लि. को भवन र उद्योगको खाद्य सुरक्षा नीति सम्बन्धि सूचना



Gorkha Tea Estate Pvt. Ltd.
Food Safety Policy

खाद्य सुरक्षा नीति

गोर्खा टि. स्टेट प्रा. लि. ले खाद्य सुरक्षा प्रणालीको नियमहरु पालना गर्दै आफ्ना उपभोक्ताहरुलाई स्वच्छ र स्वस्थ्य अर्ग्यानिक तयारी चिया उपलब्ध गराउन प्रतिबद्ध छ। साथै आफ्ना उपभोक्ताहरुको सन्तुष्टिका लागी खाद्य सुरक्षा प्रणालीको नियमहरु पालना गर्दै आफ्नो प्रणाली र औजारहरुको आवश्यक परिमार्जन र स्तरबृद्धि गर्दै लानेछ।

गोर्खा टि. स्टेट प्रा. लि. ले परिवर्तनशिल वजारको आवश्यकत्ता अनुरुप आफ्नो खाद्य सुरक्षा प्रणालीलाई अझ परिमार्जीत गर्दै लानेछ।

Prepared by: Approved by:

४. विविध फोटोहरु






क. निकासीको लागि तयारी प्याकेज ख. ग्रेडिङ मसिन







ग. स्थानीय सामग्रीको प्रयोग (पानी वितरण) घ. नेपाल स्मल टि प्रोड्युसर्स लिमिटेड






ङ. चिया बगान तथा चियाको फूल      च. गोर्खा टी इस्टेट को चिया बगान



आज मिति २०७४।०५।२६ गते सोमवार साँखेजुड-६, इलाम
हाल इलाम न.पा.-१, दाहाल गाँउ स्थित ग्रिन हिल
चिया उत्पादक सहकारी संस्था द्वारा संचालित चिया
उद्योगमा उद्योग मन्त्रालयको तर्फबाट निरीक्षण गर्ने अवसर
प्राप्त भयो। निरीक्षणको क्रममा सहयोग गर्नु हुने उक्त
सहकारीको उद्योग तर्फका अध्यक्ष श्री गोविन्द प्रसाद दाहाल
तथा कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु।
निरीक्षणको क्रममा देखिएका केही बुँदाहरु निम्न बमोजिम छन्,

राम्रा पक्षहरु
→ स्थानिय किसानहरुको सहकार्यमा तथा सहभागितामा चिया उत्पादन गरी बजारीकरण समेत गरिएको।
→ कामदार/कर्मचारीहरुलाई काममा लगाउनु भन्दा पहिले तालिम दिएको देखियो।
→ पिच सडकबाट उत्पादन फ्याक्ट्री नजिकै रहेको।
→ उन्नती आयोजनाबाट सहकार्यमा कार्यक्रम संचालन गरी आर्थिक सहायता प्राप्त गरेको।
→ अर्गानिक चिया उत्पादनलाई महत्त्व दिई सोही अनुसार चिया उद्योगको Future Expansion कार्यक्रम समेत तयार गरिएको,

सुधार्नुपर्ने पक्षहरु
→ चिम्नीको उचाई कम रहेको हुनाले सो बढाउनुपर्ने,
→ कामदार/कर्मचारीहरुलाई व्यक्तिगत सुरक्षाका साधनहरु को प्रयोग गरि लगाउने तथा व्यवस्था गर्नुपर्ने
→ खरानीलाई सहि ठाउँमा व्यवस्थापन गर्नुपर्ने।
→ ढुङ्गा तथा कोइलालाई ओभानो ठाउँमा राखी (सुख्खा) प्रयोग गर्नुपर्ने।
→ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यमा कम जोखिम तथा खतराको लागि उद्योगमा गृहसम्भारको व्यवस्था राम्रो गर्नुपर्ने,
→ घरेलु तथा साना उद्योग कार्यालयबाट उद्योगको दर्ता प्रमाण पत्र लिनु पर्ने।



DATE:

→ चियाको उत्पादनमा गुणस्तर कायम गर्ने विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्नुपर्ने सो का लागि अन्य निकायसँग सहयोग लिन सकिने।
→ चियाको प्याकेजिङ्ग कस्तो/कसरी गर्ने सो सम्बन्धमा आवश्यक तालिम कार्यक्रमका लागि पहल गर्नुपर्ने,

५।२६
शंकर सिंह धामी
मेकानिकल ईन्जिनियर
उद्योग मन्त्रालय
मिति: २०७४/०५/२६

छ. ग्रिन हिल अर्थोडक्स चिया प्रसोधन उद्योगको निरीक्षण पुस्तिकामा लेखिएका सुझावहरु